आठबीस नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषिविकास शाखा
राकमकर्णाली
कर्णाली, प्रदेश, नेपाल ।

पत्र सख्या : ०७६।०७७[कृषिविकास शाखा]
चलानी नं. :

भकारो सुधार कार्यक्रमको अनुदान प्राप्त गर्नको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना !

# सूचना ! सूचना !! सूचना !!!

प्रथम पटक प्रकाशित मिति : २०७६।०११।२२ गते

प्रस्तुत विषयमा यस आठबीस नगरपालिकाको आर्थिक वर्ष २०७६।०७७ को लागि नेपाल सरकारको सशर्त अनुदान मार्फत प्राप्त कार्यक्रम अनुसार यस आठबीस नगरपालिकाको कार्यालय कृषि विकास शाखा मार्फत संचालन हुने **"भकारो सुधार"** कार्यक्रम संचालन गर्न कम्तिमा दुई गोटा ठूला पशु चौपाया पालन गरेका ईच्छुक कृषकहरुले १२ फिट लम्वाई र ५ फिट चौडाई (६० वर्ग फिट) को ढलान गरी गहुँत (पशु मुत्र/पिसाब) संकलन गर्न सानो कुलेसो अथवा कम्तिमा ३२ MM को प्लाष्टिक पाइप वाट बग्ने बनाई गहुँत जम्मा गर्ने सानो ट्याकीं बनाउने वा १०० लि. को प्लाष्टिक ड्रम राखि गहुँत संकलन गर्ने र गोबर मललाई घाम पानी वाट बचाउन मलखादको माथी छाप्रोको समेत व्यवस्था गर्नुपर्ने छ । सो प्रयोजनको लागि रु. पन्ध्र हजार (१५,०००) काम सम्पन्न गरे पछी एकमुष्ट रकम उपलव्ध गराईने छ । ईच्छुक व्यावसायिक कृषक / कृषक समूह / कृषि सहकारी निजि कृषि फर्महरुले सूचना प्रकाशन भएको मितिले सात दिन (मिति २०७६।११।२८ गते) भित्र आठबीस नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै थप जानकारीको लागि आठबीस नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. व्यक्तिगत भए नागरिकता प्रतिलिपी ।
२. समूह/सहकारी/निजि फर्म मार्फत भए दर्ता प्रमाण पत्रको र निर्णयको प्रतिलिपी ।
३. सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र (वडाले उपयुक्त लागेमा मात्र सिफारीस गर्न सक्नेछ) ।
४. निएमानुसार तोकीएको राजश्व ।
५. निर्धारित ढाँचाको निवेदन । निवेदनको निर्धारित ढाँचा कृषि विकास शाखामा प्राप्त गर्न सकीने छ ।
६. पान दर्ता तथा गत आ.व.को राजश्व चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

द्रष्टव्य : समूह तथा सहकारी मार्फत आउनेलाई विशेष प्राथमिकता दिईने छ । एउटा समूह वा सहकारीले बढीमा दुई जना सम्म सदस्यलाई मात्र निर्णय गरि सिफारीस गर्न सक्नेछ ।

आठबीस नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषिविकास शाखा
राकमकर्णाली, कर्णाली, प्रदेश, नेपाल ।

पत्र सख्या : ०७६।०७७[कृषिविकास शाखा]
चलानी नं. :

साना सिंचाई निर्माण तथा मर्मत संम्भार कार्यक्रम संचालन गर्नको लागि प्रस्ताव आह्वान सम्बन्धी,

# सूचना ! सूचना !! सूचना !!!

प्रथम पटक प्रकाशित मिति : २०७६।११।२२ गते

प्रस्तुत विषयमा यस आठबीस नगरपालिकाको आर्थिक वर्ष २०७६।०७७ को लागि नेपाल सरकारको सशर्त अनुदान मार्फत प्राप्त कार्यक्रम अनुसार यस आठबीस नगरपालिकाको कार्यालय कृषि विकास शाखा मार्फत संचालन हुने **"साना सिंचाई निर्माण तथा मर्मत संम्भार"** कार्यक्रमका लागि ईच्छुक कृषक समूह तथा कृषि सहकारीहरुले तरकारी, खाद्यान्न, फलफुल वा नगदे वाली उत्पादन कार्यमा टेवा पुर्याउने उदेश्यले सिंचाई कुलो निर्माण वा मर्मत गर्न, प्लाष्टिक पोखरी, थोपा सिंचाई, स्प्रिङ्कलर आदि निर्माणको लागि तपशिलको शर्तहरुको अधिनमा रही यस आठबीस नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, राकमकर्णालीमा सूचना प्रकाशन भएको मितिले १५ दिन (२०७६।१२।०६ गते) भित्र प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । साथै थप जानकारीको लागि यस आठबीस नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा, राकमकर्णालीमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. कृषक समूह तथा सहकारी संस्था दर्ता प्रमाण पत्रको र निर्णयको प्रतिलिपी ।
२. कृषक समूहको हकमा सूचना प्रकाशन हुनु पूर्व नै दर्ता वा नविकरण भैई सकेको हुनुपर्ने छ ।
३. सकहकारीको हकमा सूचना प्रकाशन हुनु पूर्व नै साधारण सभाबाट पारित लेखापरिक्षण प्रतिवेदन पेश गरिसकेको हुनुपर्ने र पान दर्ता तथा गत आ.व.को राजश्व चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
४. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र (वडाले उपयुक्त लागेमा मात्र सिफारीस गर्न सक्नेछ) ।
३. निएमानुसार तोकीएको राजश्व ।
५. निर्धारित ढाँचाको निवेदन । निवेदनको निर्धारित ढाँचा कृषि विकास शाखामा प्राप्त गर्न सकीने छ ।
६. प्रस्ताव पेश गर्ने कृषक समूह / सहकारीले गर्ने कार्यहरु तथा अनुमानित लागत खुलाउनु पर्ने छ ।
७. छनोट भएको खण्डमा आयोजनाको कुल लागतको कम्तिमा १५ प्रतिशत लागत स्वयंम् कृषक समूह /सहकारीले व्यहोर्नुपर्ने छ
८. नगरपालिकाट बढीमा रु. १,५०,०००। सम्म मात्र अनुदान दिइने छ ।
९. अन्य क्रियाकलाप कार्यक्रम कार्यन्वयन निर्देशिका २०६१ अनुसार गरिने छ ।